'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १२७ बिहिवार १८ पुष, २०८१ 02 (Thursday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### बाँकेमा खाद्यको धान खरिद कार्य जारी

## लक्ष्य भेटाउन अझै करिब ३० हजार क्विन्टल खरिद गर्न बाँकी

नमस्ते समचारदाता

बाँके, पुष/१७



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जले बाँकेको किसानसँग ३१ हजार क्विन्टलभन्दा बढी धान खरिद गरेको छ । गत कात्तिक २० गतेबाट किसानका धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले पुस १६ गतेसम्म ३१ हजार ६९० दशमलब ९८ क्विन्टल धान खरिद गरिसकेको जनाएको हो । गत वर्षभन्दा १५ दिन अघिबाट धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले यस वर्ष ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको थियो । मध्यम धान बिक्री गर्ने किसानको चाप बढेपछि खाद्यले केन्द्रीय कार्यालयसँगको सहमतिमा थप १५ हजार क्विन्टल मध्यम धान खरिद गर्नेगरी ५५ हजार क्विन्टलको लक्ष्य लिएको छ । ३० हजार क्विन्टल मोटा धान र १० हजार क्विन्टल मध्यम गरी यस वर्ष ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले पछि मध्यम धानलाई १५ हजार क्विन्टल थप गरी ५५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले बताएका छन् । लामिछानेले भने, "यस वर्ष हामीले नेपालगन्ज कार्यालयबाट ३० हजार क्विन्टल मोटा र १० हजार क्विन्टल मध्यम गरी ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएका थियौं, यहाँका किसानले मध्यम धानको खेती बढी गर्नेगरेको पाइयो, किसानले धेरैजसो मध्यम धान बिक्री गर्न ल्याउनुभयो, मध्यम धान धेरै आएपछि केन्द्रीय कार्यालयसँगको समन्वयमा मध्यम धान थप १५ हजार क्विन्टल खरिद गर्नेगरी कुल ५५ हजार क्विन्टलको लक्ष्य राखेका छौं ।" बाँकेका किसानहरु पछिल्लो समय मोटाभन्दा मध्यम धान उत्पादनतर्फ आकर्षित भएको उहाँले बताउनुभयो । "२५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेको मध्यम धान हालसम्म लगभग खरिद गरिसकेका छौं, हामीले २५ हजारभन्दा बढी धान खरिद गर्न सक्दैनौं, हामीले सूचना नै प्रकाशित गरेर यस वर्षका लागि मध्यम धान खरिद गर्न बन्द गरेका छौं, लक्ष्य पूरा भएको छ" लामिछानेले जानकारी गराए । मोटा धानको खरिद लक्ष्यअनुसार पुग्न सकिएन, किसानले बजारका व्यापारीलाई नै मोटा धान बिक्री गरेको उनले बताए । खाद्यभन्दा प्रतिक्विन्टल एक समयेदेखि एकसय पचास रुपियाँसम्म बजारका व्यापारीले बढी मूल्य दिएको हुँदा मोटा धान कम खरिद भएको उनले बताए । "त्यसै पनि पछिल्लो समय किसानले मोटा धानको उत्पादन कम गरेका छन्, त्यसमा पनि चिउरा उत्पादन प्रयोजनका लागि बजारका व्यापारीले हाम्रो मूल्यभन्दा केही बढी दिएर किसानसँग खरिद गरेका छन्, त्यसकारण पनि मोटा धान बिक्री गर्न किसान न्यून संख्यामा हामीसँग आउनुभयो र लक्ष्यभन्दा कम खरिद भयो" लामिछानेले भने ।

बाँकी ३ पेजमा...

## नेपाली र भारतीय सेनाबीच संयुक्त सैन्य अभ्यास शुरु

नमस्ते समचारदाता

काठमाडौं, पुष/१७



नेपाली सेना र भारतीय सेनाबीच सञ्चालन हुँदै आएको संयुक्त सैनिक अभ्यास 'सूर्यकिरण'को १८औँ संस्करण शुरु भएको छ । रूपन्देहीको सालझण्डी स्थित नेपाली सैनिक ब्याटल स्कुलमा मंगलबार अभ्यासको आरम्भ मध्यपश्चिम पृतनाका पृतनापति उपरथी प्रेमबहादुर पुनले गरे । नेपाली सेनाबाट प्रमुख सेनानी निराजन कटवालको नेतृत्वमा र भारतीय सेनाबाट कर्णेल जपेन्दरपाल सिंहको नेतृत्वमा ६६८ सैनिक सहभागी भई सञ्चालन भएको संयुक्त अभ्यास यही पुस २९ गते सम्पन्न हुने नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । यसअघि नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास सूर्य किरणको सत्रौँ संस्करण मित्रराष्ट्र भारतको उत्तराखण्ड राज्यको पिथौरागढमा सम्पन्न भएको थियो । विसं २०६७ देखि नेपाल र भारतमा वार्षिक रूपमा आलोपालो गरी सञ्चालन हुँदै आएको संयुक्त अभ्यास हालसम्म दुवै देशमा गरी १७ पटक सफलतापूर्वक सञ्चालन भइसकेको छ । अभ्यासमा मुख्यगरी विपद् व्यवस्थापन, प्रतिविद्रोह, प्रतिआतङ्कवाद, जङ्गल युद्धकला, मानवीय सहयोग लगायतका विषयमा दुई देशका सैनिकले सैद्धान्तिक, व्यवहारिक र विशेष अनुभव आदानप्रदान हुने यो अभ्यासले दुई देशबीच सदियौँदेखि रहँदै आएको मैत्रीपूर्ण पारस्परिक सम्बन्धलाई अझ प्रगाढ बनाउनुका साथै दुवै देशको सेनामा पेशागत सीपको विकास तथा आपसी समझदारीमा अभिवृद्धि हुने विश्वास नेपाली सेनाले लिएको छ ।

## देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्ति निर्माण अपरिहार्य : भीम रावल

नमस्ते समचारदाता

काठमाडौं, पुष/१७



एमालेको कारबाहीमा परेका डा. भीम बहादुर रावलले वैकल्पिक राजनीतिक शक्ति निर्माणमा लाग्ने घोषणा गरेका छन् । एमालेले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेपछि डा. रावलले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै यस्तो घोषणा गरेका हुन् । मातृभूमि जागरण अभियान सञ्चालन गरी देश र जनताको हक र हितका लागि सबै देशभक्त, इमानदार शक्ति एकताबद्ध हुनुपर्ने भन्दै रावलले स्वाधीन, स्वतन्त्र र स्वाभिमानी नेपाललाई पुनर्जागरणको दिशामा अघि बढाउन आह्वान गरेका छन् । राजनीतिक दल र सिद्धान्त देशको सर्वोपरी हित पूरा गर्ने माध्यम र साधन मात्रै भएको भन्दै उनले देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्तिको निर्माणमा जोडिन छरिएर रहेका शक्तिहरूलाई आह्वानसमेत गरेका छन् । 'राजनीतिक दल, सिद्धान्त देशको सर्वोपरी हित पूरा गर्ने माध्यम र साधन मात्रै हुन् । देश सबैभन्दा माथि हुन्छ भन्ने धारणालाई बलियो गरी अवलम्बन गर्नुपर्छ । राजनीतिक दल र राज्यका सबै अवयव र संयन्त्रहरू राष्ट्रिय हित, जनताको समृद्धि र कल्याणमा केन्द्रित, परिचालित र सञ्चालित हुनुपर्छ । यसका लागि विधि, पद्धति, प्रणाली र सुशासनको बाटोमा निस्वार्थ रूपमा दृढताका साथ अगाडि बढ्नुपर्छ । यस्ता मान्यताहरूका आधारमा देश र जनतासँग सम्बन्धित समग्र विचार, कार्यक्रम, नीति तय गर्दै देश र प्रवासमा अभियान सञ्चालन गर्दै देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्तिको निर्माण अपरिहार्य बनेको छ,' रावलले भनेका छन् । पत्रकार सम्मेलनमा उनले अघिल्लो महाधिवेशनदेखि लिएर आफूलाई स्पष्टीकरण सोधिएको विषयसम्मलाई लिएर ओलीमाथि प्रश्नको वर्षा गरे । प्रश्न उठाउँदा कारबाही गरेको, सत्ताको मोहमा रमाएको, जनतालाई गुमराहमा राखेको, बेलगाम भ्रष्ट आचार देखाएको, सामूहिक पार्टीलाई एकलौटी बनाएको जस्ता आरोप लगाउँदै रावलले अध्यक्ष केपी ओली माथि प्रश्नैप्रश्न गरेका छन् । 'एकल र सर्वसम्मत सिफारिस भएर पनि प्रतिनिधिसभाको सदस्यको उम्मेदवारबाट बन्चित गर्ने, निर्वाचित सदस्य रहेको वेला अछाम जिल्ला कमिटीको बैठकमा नबोलाउने, भीम रावललाई भेटेमा नम्बर काटिन्छ, योजना पाइँदैन भनी प्रचार गर्ने, पार्टीका कार्यक्रममा सहभागी हुन नदिनेजस्ता शत्रुवत् व्यवहार तपाईं केपी ओली नेतृत्व गुटको निर्देशनमा नै भएका होइनन् र रावलका प्रश्न छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## रीस उठ्यो भने सम्पत्ति शुद्धिकरणको डण्डा

**अदालतमा विचारधीन रहेको र यस सम्बन्धमा अदालतको आदेश अझै नआइसकेकोले रविलाई अहिले नै दोषी वा निर्दोष करार गर्ने प्रवृत्ति ठीक होइन । रवि लामिछानेलाई सरकारी निकायले सहकारी ठगीले मात्र नपुगेर संगठित अपराध र सम्पत्ति शुद्धिकरणको कसुरमा समेत मुद्दा दर्ता गरेको छ । विशेष गरी संगठित अपराध र सम्पत्ति शुद्धिकरणको मुद्दा बढी विवादित बन्न पुगेको छ । सत्तारुढ दलकै वरिष्ठ नेताहरुले सरकारी रवैयाको आलोचना गर्दै आएका छन् । सरकारमा बस्नेहरुलाई रिस उठ्यो भने वा प्रतिशोध साँध्नु पऱ्यो भने यसरी जथाभावी मुद्दा लगाउने हो भने अहिलेका प्रमुख पार्टीका अधिकांश नेताहरुले आफ्नो सम्पत्ति पुष्टि गर्न सक्ने छैनन् । वर्षौंसम्म सत्तामा रहेर वा सत्ताको स्वाद मारेर बसेका शासक वर्गलाई सम्पत्ति शुद्धिकरणमा कारवाही गर्ने हो भने धेरै नेताहरुले कमाएको सम्पत्ति जफत गर्नुपर्ने र उनीहरु जेल बस्नुपर्ने अवस्था आउनेछ । नक्कली भुटानी शरणार्थी प्रकरणमा केहीले सजाय पाएका छन् । तर यसमा संलग्न मुख्य व्यक्तिहरुलाई अझै कानुनको दायरामा ल्याइएको छैन । अर्को शब्दमा भन्दा छानबिन प्रक्रिया बीचमै अलपत्र पारिएको छ । वर्तमान सरकारले रोकिएको छानबिन प्रक्रियालाई अगाडि बढाउन सक्यो भने मात्रै जनतामा विश्वासको वातावरण बन्नेछ । हाम्रो मुलुकको समस्या भ्रष्टाचार र कुशासन पनि हो । भ्रष्टाचार हाम्रो प्रमुख समस्या बनिसकेको छ । मुलुकमा २०४६/०४७ को परिवर्तनपछि ३५ वर्षको अवधिमा यति धेरै भ्रष्टाचार भयो कि भ्रष्टहरुलाई कारवाही हैन, उनीहरु पुरस्कृत हुने परिस्थिति निर्माण भयो । दुई चारजनाले सजाय पाए पनि धेरैले उन्मुक्ति पाएको अवस्था रह्यो । भ्रष्टाचार निवारण गर्न बनेका राज्य संयन्त्र समेत उनीहरुकै बचाउमा लागेको स्थिति देखियो । अख्तियार दुरुपयोग निवारण आयोगलाई भर्ती केन्द्र बनाएर निकम्मा बनाइरुयो । भ्रष्टहरुलाई ठेगान लगाउने गरी गर्न सक्नुपर्छ । अन्यथा यस्तो डण्डा चलाउने श्रृंखलाले मुलुकलाई अन्ततः राजनीतिक द्वन्द्व र मुठभेडतर्फ डोऱ्याउने छ ।**

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट

अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट

Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# नेपाली टोपी, नेपाली शान

## १२औं अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस

**राजेशमणि लामिछाने**

आफ्नो पोसाक र संस्कृतिको संरक्षण र प्रयोग गरी व्यक्ति संसारमा चिनिँदै गर्दा राष्ट्र पनि सँगसँगै चिनाउन सक्ने अवस्था रहन्छ । नेपाली टोपी नेपाली पुरुषहरूले पहिरिने ढाका वा विशेष कपडाबाट बनेको नेपालीको पहिचान झल्काउने मौलिक र विशेष शिरपोस हो । नेपाली टोपीअन्तर्गत सामान्यतः ढाका टोपी, भादगाउँले टोपी, कालो टोपी आदि पर्छन् । यो नेपाली औपचारिक पोसाकको एक अभिन्न अंग हो । नेपाली समाज र संस्कृतिको मूल आधार अनेकतामा एकता र एकतामा विविधतालाई टोपीको प्रयोगले अझ मजबुत बनाएको छ । नेपाली र ढाका टोपी देशभर लगभग सबै भाषा, धर्म, सम्प्रदाय, जाति र जनजातिले निकै सम्मान तथा गर्वका साथ पहिरिन्छन् । नेपालमा कालो रंगको भादगाउँले टोपी तथा पाल्पाली र पूर्वेली ढाका टोपीहरू निकै प्रसिद्ध छन् । नेपाललगायत विश्वभर केही वर्षदेखि अंग्रेजी नयाँ वर्षको पहिलो दिन अर्थात् जनवरी १ तारिखलाई 'टोपी दिवस' का रूपमा मनाउने गरिएको छ । उक्त दिन विश्वभर छरिएर रहेका नेपालीले 'नेपाली टोपी : नेपालीको शान, मान र पहिचान'को भावसहित नेपाली टोपी लगाएर 'टोपी दिवस' मनाउँछन् । ढाका टोपी र नेपालीपन : मौलिक कला संस्कृति खानपान र भेषभूषामा निकै धनी देश नेपालमा केही वर्षयता पश्चिमा एवं आयातित संस्कृतिको प्रभाव बढ्दै गएको छ । पढाइ, रोजगारी, अवसरको खोजी गर्दै बिदेसिएका र विदेशमा बस्ने नेपाली तथा तिनका परिवारमा त झन् यस्तो प्रभाव नपर्ने कुरै भएन । यस्तो परिवेशमा नेपालीको पहिचानलाई जोगाउँदै विश्वभर नेपाल र नेपालीको मौलिकताको संरक्षण गर्नु नितान्त आवश्यक देखिएको छ । नेपाली टोपीलाई विश्वभर फैलिएका नेपाली र नेपाली मूलका व्यक्ति एवं सम्पूर्ण नेपालीभाषीमा फैलाएर यसको अन्तर्राष्ट्रिय पहिचान स्थापित गराउन सकेमा नेपाल प्रतिको माया र राष्ट्रियता झनै मजबुत हुने देखिन्छ । ढाका टोपी नेपाली पोसाक दौरा सुरुवालको साथमा लगाउँदा निकै शोभनीय देखिन्छ । नेपाली टोपीमा प्रयोग हुने ढाका र अन्य कपडा प्राचीनकालदेखि नै घरेलु तानमा हातले बुन्ने गरिन्छ । यसकारण सोको प्रयोगले रोजगारी सिर्जना, आयआर्जन, घरेलु उद्योगको संवर्द्धन र उद्यमशीलतामा वृद्धि हुन सक्छ । पाल्पाली र पूर्वेली ढाकाटोपी लगायत नेपाली टोपी उद्योग देशको निर्यात व्यापारका लागि उल्लेख्य, उत्कृष्ट क्षेत्र हुन् । ढाका टोपीको माथिल्लो भागको चुचुरोले हिमालको प्रतिनिधित्व गर्ने, बीचको भिरालो भागले पहाडको प्रतिनिधित्व गर्ने र सबैभन्दा तलको समथर भागले तराईको प्रतिनिधित्व गर्छ । त्यसैले यसले समग्र हिमाल, पहाड र तराई ढाका टोपीमा अटाएको छ । जसको प्रयोगले नेपाली र गोर्खाली हुनुमा गर्व गराउँछ । त्यसैले दिवसका रूपमा उक्त दिनलाई उत्सवका रूपमा मनाउने परम्पराले नेपालीपनको संरक्षण, प्रवर्द्धन र विस्तारका लागि



विश्वभर फैलिएका नेपाली वा नेपालीमूलका विदेशी नागरिक एवं सम्पूर्ण नेपालीभाषीलाई नेपाली पहिचानको अवसर मिलेको छ । ढाका टोपीको माथिल्लो भागको चुचुरोले हिमालको प्रतिनिधित्व गर्ने, बीचको भिरालो भागले पहाडको प्रतिनिधित्व गर्ने र सबैभन्दा तलको समथर भागले तराईको प्रतिनिधित्व गर्छ । त्यसैले यसले समग्र हिमाल, पहाड र तराई ढाका टोपीमा अटाएको छ । जसको प्रयोगले नेपाली र गोर्खाली हुनुमा गर्व गराउँछ । कहिल्यै टोपी नलगाउनेहरूले समेत यो दिवसमा नेपाली टोपीमा सजिएर 'ह्याप्पी नेपाली टोपी डे' भन्दै सामाजिक सञ्जालमा तस्बिर र भिडियो प्रस्तुत गर्ने अवस्थाको सिर्जना भएको छ । यसले अंग्रेजी नयाँ वर्षलाई समेत विशेष बनाइदिएको छ । यो यस अभियानमा होमिएका राष्ट्रवादी अभियन्ताहरूका लागि मात्रै होइन, समग्र नेपाल राष्ट्र, समस्त नेपाली तथा विश्वभरका सम्पूर्ण नेपालीभाषी समेतले गर्व गर्न सक्ने विषय हो । यसले एकातर्फ नयाँ पुस्तालाई नेपाली टोपीमार्फत नेपाली कला, संस्कृति र पहिरन चिनाउने अवसर दिलाएको छ भने अर्कोतर्फ संसारभर नेपालीत्व र नेपाली पहिचानको जगेर्ना पनि भएको छ । विगतको अवस्था विश्लेषण विश्लेषण गर्दा कवि मोतीराम भट्टका तस्बिरमा देखिने टोपी, कार्चोपी टोपी राणाकालमा सुब्बा वा सोभन्दा माथिल्लो दर्जाका अधिकारी (हालको शासन व्यवस्थामा सचिव वा सो सरहभन्दा माथिल्ला पदवाहक)ले मात्रै लगाउन पाउने अवस्था थियो । हाल समग्र स्वदेश र विदेशका नेपालीले उत्सवकै रूपमा स्वतन्त्र रूपमा मनमौजी गुणस्तर र ढंगले नेपाली टोपी लगाउन सम्भव हुन गएकोबाट हाम्रो शासन व्यवस्था र हाम्रो चेतनास्तरको परिवर्तन पहिरनको असमानताबाट माथि उठेर पहिरनको समानता हुँदै, पहिरन समताको स्तरमा पुगेको अनुमान गर्न सकिन्छ । नेपाली टोपी- सभ्यता, संस्कृति र अर्थतन्त्रको धरोहर : समग्र मानव सभ्यता र संस्कृति अविछिन्न विकासशील कुरा हो, त्यसैले तत्तत् विषयमा अरूको सिको, प्रभाव वा नक्कल हुनसक्ने विश्वब्यापी, सत्यसाँचो यथार्थ हो । कालो टोपी, भादगाउँले टोपी र ढाका टोपीलाई नेपाली टोपी नेपाली सभ्यता र संकृतिका धरोहर हुन् । नेपाली टोपीलाई पहिचान दृष्टिले मात्र होइन, समग्र आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले हेर्न सकिन्छ । टोपीको प्रवर्द्धन हुनु भनेको आर्थिक विकासको एउटा पाटो हो । नेपाली टोपीलाई अन्तर्राष्ट्रियकरण गर्न सके यसलाई निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यस्तै, रोजगारी सिर्जना, आयआर्जन, घरेलु उद्योगको संवर्द्धन र उद्यमशीलता समेतमा वृद्धि हुन सक्छ । टोपीको कुरा गर्दा यसको सम्बन्ध कैलाश पर्वतसँग पनि जोडिन्छ । नेवाः समुदायले देशभर उक्त समुदायको विस्तारसँगै ढाकाटोपीको पनि देशभर विस्तार भएको मानिन्छ । अतः देशभित्रका नेवारलगायतका नेपाली जातजाति मात्र हैन, टोपीको साइनो बेलायत, बर्मा, बंगलादेशको ढाका, काश्मीर, टर्की, बेलायत, कैलाश पर्वत, नेपालको पूर्व र पाल्पासँग जोडिन्छ । कतै टोपी लगाइदिएर त कतै आफ्नो टोपी फुकालेर एकअर्कामा सम्बन्ध गाँस्ने तथा एकअर्कामा सम्मान आदानप्रदान गर्ने हाम्रो परम्परागत सांस्कृतिक चलन रहिआएको छ । नेपाली टोपी नेपाली र नेपाली मूलका नागरिक भएका सबै स्थानमा समग्र नेपालीको साझा र मौलिक पहिचानको चिह्न हो । ब्राह्मण, क्षेत्री, जनजाति, मधेसी, दलित, तराई, पहाड, हिमाल सबैतिर लगाइने टोपीलाई बहुजातीय समुदायले पनि नेपाली टोपी भनेर बुझ्दै, मान्दै र पहिरिँदै आएकाले नेपाली टोपीले नेपालीपनको पहिचान दिलाउँछ भन्न सकिन्छ । विभिन्न जातीय र सामुदायिक टोपीहरूको संरक्षण र प्रवर्द्धन गर्दै टोपीलाई आत्मसम्मान र समर्पणको प्रतीकका रूपमा लिई बनिसकेको पहिचानलाई यथावत् राखेर अन्य पोसाकजस्तै धोती, बख्खु, भांग्रा तथा अन्य ज्ञात अज्ञात पोसाकलाई पनि नेपालीमाझ स्थापित गराउन प्रयास गर्नुपर्छ । मुलुकमा औपचारिक सभा समारोहमा नोपली पोसाक र नेपाली टोपीकै प्रयोग हुन्छ । राजकीय पदमा रहने व्यक्तित्वहरू राष्ट्रपति प्रधानमन्त्री आदिको दैनिकी यही पोसाकमा चल्छ । विदेशमा नेपाली जमघट होस् वा कसैको शुभकार्य किन नहोस्, नेपाली पोसाक र टोपीको प्रयोग उल्लेख्य बढेको छ । अतः नेपाली पोसाक र टोपी राष्ट्रपतिदेखि स्वदेश र विदेशमा रहेका नेपाली सर्वसाधारण नागरिकसम्म लोकप्रिय छ र पहिचान बनेको छ । टोपी दिवस- आज र भोलि : स्वाभिमानको कुनै मूल्य हुँदैन । त्यस मूल्यका लागि देशको राष्ट्रिय पोसाकको अहम् भूमिका हुन सक्छ । अन्तर्राष्ट्रियरूपमा नेपालीपनको प्रवर्द्धन हुने र देशभित्र पनि आफ्नो संस्कृतिको थप प्रवर्द्धन र संवर्द्धन गर्ने पोसाक एक महत्त्वपूर्ण अस्त्र हो । पछिल्लो केही वर्षयता नेपाली टोपी युवा पुस्ताको नजरमा पर्न थालेको छ । टोपी दिवसमा आम नेपालीले देखाएको चासो, विद्यालयहरूको औपचारिक पोसाकमा नेपाली पोसाक र टोपीको समावेशिता, विभिन्न सभा, समारोहमा प्रयोग हुने नेपाली पोसाकको दृश्य, वैवाहिक समारोहमा सुटपाइन्टभन्दा दौरासुरुवाल टोपी लगाउनेहरूको बढ्दो जमातलगायतले टोपीको बढ्दो क्रेज छर्लंग हुन्छ । अबका दिनमा टोपी दिवस एकता र सद्भावको दिनका रूपमा स्वीकार्य बनाउनु पर्छ । यो कुनै क्षेत्र जाति दल वा समुदाय विशेषको दिन होइन । यो सबै स्वदेश र विदेशमा रहेका नेपालीको साझा पर्व हो । टोपी दिवस मनाइरहँदा धोती लगाउनेहरू, बक्खु ओढ्नेहरू, भांग्रा भिर्नेहरूले अपमानित हुन वा लधुताभाषमा पर्न नपरोस् । सबै जातजाति, भाषा, क्षेत्र, हावापानी मैत्री, धर्म, लिंगको पहिचानसहितको नेपाली टोपी र पोसाक दिवस मनाउन सकिएमा यस दिवसले सार्थकता पाउँछ । समानता र स्वतन्त्रताको कुरा गरिरहँदा महिलाले टोपी लगाउन हुने कि नहुने भनेर संकुचित सोच राख्नु सान्दर्भिक देखिँदैन । बरु नेपालीको पहिचान झल्कने अन्य पोसाकको पनि क्रमशः ब्रान्डिङ गरेर दिवस मनाउनुपर्छ । उपरोक्त विषयहरूमा राज्यका तर्फबाट पनि आवश्यक सकारात्मक पहलका लागि सरोकार वालाहरूको ध्यानाकर्षण हुन सकेमा राष्ट्रकवि माधवप्रसाद घिमिरे रचित तलको गीतको भावार्थ यथार्थतामा परिणत हुने बिश्वास गर्न सकिन्छ- 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे !, नेपालै नरहे !!' उपसंहार : व्यक्तित्व र पहिरन एकअर्काका पर्यायवाची भएकाले मानिस–मानिसबीचको एकापसको भेट प्रथम दृष्टिमै उसले लगाएको पहिरन, निजले बोल्ने भाषा र राष्ट्रियतातर्फ गएर ठोकिन्छ । नेपाली टोपीको प्रवर्द्धन गर्ने उद्देश्यसहित अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाइरहँदा थुप्रै प्रश्न बारम्बार आउने गरेका छन् । टोपी लगाउँदैमा वा नलगाउँदैमा राष्ट्रवादी हुने वा नहुने होइन, अरू पहिरनप्रतिको घृणाभाव पनि होइन । प्रथमतः पहिचानको संरक्षण टोपी, कट्टु, धोती, चोलोले गर्ने होइन, व्यक्तिको सोच र व्यवहारले गर्ने हो । यस दिवसले भिन्नभिन्न भूगोलजस्तै बर्मा, भारतका दार्जिलिङ, आसाम, सिक्किम, देहरादुन, टिष्टा र काँगडालगायतका स्थानलाई पोसाक र संस्कृतिको माध्यमबाट नेपालमा जोड्न सम्भव छ । विश्वमै पृथक, ऐतिहासिक र फरक पहिचान बोकेको पोसाकको रूपमा रहिआएको नेपाली टोपी दिवसमा आआफ्नो क्षेत्र, जाति, जनजातिले आफ्नै टोपी वा आआफ्नो मौलिक शिरपोस लगाएर मनाउन आह्वान गर्न सकिन्छ । आआफ्नो पोसाक र संस्कृतिको संरक्षणको भावना राख्दा नै व्यक्ति आफू प्रसिद्धि उन्मुख भई संसारमा चिनिँदै गर्दा निज व्यक्तिले राष्ट्र पनि सँगसँगै चिनाउन सक्ने अवस्था रहन्छ । हाम्रो आजको यो ऊर्जाजन्य, उत्साहप्रद सामूहिक बाह्रौं नेपाली टोपी तथा नेपाली पोसाक दिवसले गोपाल योञ्जनद्वारा रचित तलका सारगर्भित शब्दहरूलाई अवश्य न्याय गर्ने । आजको यस दिवसको नारा 'नेपाली टोपी : हाम्रो सान, मान र पहिचान'को सवालमा नेपाली टोपीको महत्वलाई प्रतिनिधित्व गर्न योञ्जनका तलका शब्द काफी छन् । 'कहिल्यै पनि झुक्न नजान्ने, कहिल्यै पनि रुक्न नमान्ने, मेरो टोपी, नेपाली भीर जस्तो, नेपाली वीर जस्तो...!'

*समाजशास्त्री लामिछाने, शान्ति नेपाली समाज बेलायतका महासचिव हुन् ।*

*–अन्नपूर्ण*

# प्रदेश प्रमुखले फिर्ता पठाएका विधेयक पुनः सर्वसम्मत पारित

नमस्ते समचारदाता

बुटवल, पुष/१७



प्रदेश प्रमुखले सन्देश सहित फिर्ता पठाएका दुई वटा विधेयक लुम्बिनी प्रदेश सभाले पुनः सर्वसम्मत पारित गरेको छ । बुधबार सम्पन्न पाँचौं अधिवेशनको दोस्रो बैठकले लुम्बिनी प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को खण्ड ख बमोजिम पुनः सर्वसम्मत पारित भएको सभामुख तुलाराम घर्तीले घोषणा गरेका हुन् । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सन्देश सहित फिर्ता पठाएका थिए । यी दुवै विधेयक प्रदेशसभाको चौथो अधिवेशनले सर्वसम्मत पास गरेर प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेस गरिएको थियो। दुवै विधेयक प्रदेश प्रमुखले सन्देश सहित गत असोज २२ गते प्रदेश सभामा फिर्ता पठाएका थिए । तर बुधबारको बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रतिनिधिको रूपमा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले सभामा दुई वटा विधेयक छोटो बाटोबाट पारित गर्ने गरी प्रस्ताव पेस गरेका छन् । 'चौथो अधिवेशनबाट धेरै छलफल र गृहकार्य गरेर यी विधेयक अघि बढाइएको थियो । कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन यी जरुरी विषय आवश्यक छ' मन्त्री ढकालले भने । प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक गत भदौ ३१ गते र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गत भदौ २७ गते प्रदेशसभाबाट पास भएको थियो । यस्तै प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेस गरेका छन् । बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक विषयमा विशेष समयमा सम्बोधन गर्दै योजना कार्यान्वयन देखि नीति नियम तर्जुमा सम्मका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

# नेपालगञ्जमा प्रादेशिक महोत्सव हुने

नमस्ते समचारदाता

नेपालगन्ज, पुष/१७



नेपालगञ्जमा माघ महिनामा दोस्रो प्रादेशिक महोत्सव आयोजना हुने भएको छ । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले बुधबार नेपालगञ्जमा आयोजित कार्यक्रममा माघ १० देखि २२ गतेसम्म महोत्सव सञ्चालन गर्न लागिएको जानकारी दिइएको हो । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टंक धामीले जानकारी दिनुभयो । अध्यक्ष धामीले भन्नुभयो, "महोत्सवलाई भव्य बनाउनेतर्फ स्टल निर्माण सुरु गरेका छौं ।" मेलाअघि रोजगार मेला समेत सञ्चालन गरिने छ । महोत्सवमा ३५० स्टल राखिने महासचिव भीमबहादुर रानाभाटले जानकारी दिनुभयो। यसैबिच २०२४ सालमा स्थापना भएको सङ्घको ५७ औं स्थापना दिवस बुधबार पूर्व अध्यक्षहरूलाई सम्मान गरी मनाइएको छ । पूर्व अध्यक्ष कृष्णप्रसाद श्रेष्ठ,नन्दलाल बैष्य र स्वरु. दामोदर आचार्यलाई सम्मान गरिएको छ । सङ्घले नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेश र बाँके जिल्ला कार्यसमितिका नवनिर्वाचित पदाधिकारी र सदस्यहरूलाई पनि सम्मान गरेको छ ।

## लक्ष्य...

"गत वर्षभन्दा यस वर्ष सरकारले पनि न्यूनतम समर्थन मूल्यमा वृद्धि गरेको छ, गत वर्षभन्दा यस वर्ष धान खरिद पनि १५ दिन अघि सुरु गरेका छौं, त्यसकारण यो वर्ष लक्ष्यमा पुग्न सकिन्छ भन्ने अपेक्षा गरेका थियौं, तर लक्ष्यनजिक पुग्न नसके पनि धेरै मात्रामा धान खरिद भएको छ ।" पुस १६ गतेसम्म मोटा धान ७४४९.०४ क्विन्टल र मध्यम धान २४२४१.९४ गरी ३१६९०.९८ क्विन्टल धान खरिद गरेको कार्यालयका सूचना अधिकारी वरिष्ठ सहायक शिवराज घिमिरेले बताए । मोटा धानको तीन हजार ४१० रुपियाँ ५१ पैसा र मध्यम धानको तीन हजार ५८० रुपियाँ ६२ पैसा सरकारले तोकिदिएको न्यूनतम समर्थन मूल्यमा किसानसँग धान खरिद गरिरहेको घिमिरेले बताए । सूचना अधिकारी घिमिरेले भने "हालसम्म धान बिक्री गर्नका लागि ६७३ जना किसानले स्थानीय तहको सिफारिस दर्ता गरिसक्नुभएको छ, अहिलेसम्म ५६७ जना किसानसँग धान खरिद गरिसकेका छौं । स्थानीय तहको सिफारिसका आधारमा एक किसानसँग ८० क्विन्टलसम्म धान खरिद गर्ने गरेका छौं ।" कम्पनीले हालसम्म बाँकेका किसानसँग ११ करोड ८२ लाख ६ हजार दुई सय रुपियाँको धान खरिद गरेको जनाएको छ । मध्यम धान खरिदको कोटा पूरा गरिसकेको कार्यालयले मोटा धान खरिदको लक्ष्यभन्दा निकै कम खरिद गरेको छ। धान बिक्री गर्ने धेरै किसानहरु आइसकेको हुँदा अब केही मात्रामा धान बिक्री गर्न किसान आउन सक्ने कार्यालयले जनाएको छ। गत वर्ष ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले जम्मा आठ हजार क्विन्टल धान खरिद गरेको थियो ।

# हिउँ जमेपछि कर्णाली राजमार्गको सातमोडमा सडक अवरुद्ध

नमस्ते समचारदाता

मुगु, पुष/१७



कर्णाली राजमार्गको सातमोडमा हिउँ जमेपछि सडक अवरुद्ध भएको छ। हिउँ जमेका कारण जिल्ला सदरमुकाम गमगढीबाट नेपालगञ्जतर्फ जाँदै गरेका तीनवटा यात्रुबाहक बस अलपत्र परेका छन् । सडकमा हिउँ र बरफ जमेका कारण बस फसेपछि नेपालगन्ज जाने यात्रुबिच सडकमै अलपत्र परेका हुन् । सडकमा जमेको बाक्लो हिउँ र बरफले गाडी अघि बढ्न नसक्दा सबै यात्रु रातभर जागै बस्नुपरेको एक यात्रु राज्यलक्ष्मी बमले बताइन् । "पुसको कठ्याङ्ग्रिँदो जाडोमा रातभर गाडीभित्र भोकै बस्यौं, उद्धार गर्ने कोही भएन", उनले भनिन्, "चिसोले बालबच्चा, बिरामी र बूढाबूढी समस्यामा छन् ।" उद्धारका लागि हारगुहार गरे पनि सुनुवाइ नभएको उनले फोनमार्फत बताइन् । हिउँ जमेकाले सातमोडमा गमगढी आउने र गमगढीबाट गएका सवारी साधन आइतबारबाट रोकिए पनि बुधबार दिउसो देखि सडक डिभिजनका कर्मचारी र स्काभेटरले हटाएपछि सडक सुचारु भइसकेको रारा छायानाथ यातायात प्रालिका सचिव सन्तोष शाहीले बताए । कर्णाली राजमार्गको यो खण्ड घुच्चीलेक तथा रारा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भएर जाने भएकाले हिमपात र वर्षाका बेला रुख ढलेर बेलाबेलामा सडक अवरुद्ध हुने गरेको छ।

# हिमपातमा फसेकाको उद्धार

नमस्ते समचारदाता

हुम्ला, पुष/१७



यात्रा गर्ने क्रममा परेको हिमपातले अलपत्र परेका एक जनालाई प्रहरीले उद्धार गरेको छ। नाम्खा गाउँपालिका-४ सल्लीखोलामा ६५ वर्षीय तुन्दुक लामा हिमपातमा फसेपछि प्रहरी चौकी याल्वाङले उहाँलाई उद्धार गरेको हो । नाम्खा गाउँपालिका-४ को ढाँडकेर्मीबाट याल्वाङ जाँदै गरेका उहाँलाई सल्लीबाट प्रहरीले उद्धार गरी आफन्तको जिम्मासमेत लगाएको छ । प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले लामालाई उद्धार गरेर आफन्तको जिम्मा लगाइएको बताउनुभयो। प्रहरीले लामालाई हिँउमा पल्टिएको अवस्थाबाट उद्धार गरेको थियो। हिउँमा फसेको अवस्थाबाट लामालाई स्ट्रेचरमा लगेर स्वास्थ्य चौकीमा पुर्याई उपचार गरिएको थियो । उपचारपछि लामालाई ज्वाइँ नाता पर्ने लालबहादुर तामाङको जिम्मा लगाइएको थियो । हिमपातले उक्त खण्डको सडक यातायात अवरुद्ध छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

# सहकारीपीडित आन्दोलित

नमस्ते समचारदाता

जुम्ला, पुष/१७



जुम्लामा रहेको दियालो बचत सहकारी संस्थाले करोडौँ रकम बचत रकम फिर्ता नदिएको भन्दै बचतकर्ता सडकमा उत्रिएर आन्दोलित भएका छन्। बचतकर्ताले आफ्नो रकम फिर्ताको माग गर्दै आन्दोलित भएका हुन्। बचत रकम फिर्ता गराइदिन भन्दै सरोकारवाला निकाय धाइरहेका छन्। सहकारीले बचत रकमको दुई गुणा रकम उपलब्ध गराउने प्रलोभन दिएको थियो। बचतकर्ता ठिले ग्याम्जो लामाले आफ्नो बुवा पासाङ छिरिङ लामाले जम्मा गरेको चार लाख पाँच हजार ९९१ रुपियाँ बचत लामो समयदेखि फिर्ता नपाएको बताउनुभयो। उहाँले कार्यालयमा आउन थालेको एक महिना भएको उल्लेख गर्दै रकम सहकारीले फिर्ता नदिएको जानकारी दिनुभयो। उहाँ जस्तै धेरै बचतकर्ताको रकम सहकारीले फिर्ता दिन सकेको छैन। बचत रकम फिर्ता माग गर्दै बचतकर्ता सहकारीको कार्यालयमा धर्ना दिइरहेका छन्। बचतकर्ताले साग, सिमी, तरकारी, ओखर बेचेर कमाएको रकम बढी पैसा पाउने आसले बचत गरेको भन्दै अहिले सहकारीले बचत रकम फिर्ता नगर्दा बिचल्लीमा परेको बताएका छन्। बचत रकम फिर्ताको माग गर्दै उनीहरू कहिले सहकारीमा धर्ना त कहिले विरोध र्‍याली प्रदर्शन गरिरहेका छन्। चन्दननाथ गाउँपालिका-६ मा मुख्य कार्यालय स्थापना भएको दियालो बहुउद्देश्यीय सहकारी संस्थाले बचतकर्ताको १९ करोड ५० लाखमध्ये १८ करोड फिर्ता गर्न बाँकी रहेको व्यवस्थापक दीपक शाहले जानकारी दिनुभयो। उहाँका अनुसार संस्थामा एक करोड ५० लाख सेयर लगानी छ भने संस्थाको ऋण लगानी ३४ करोड गरेको छ। उहाँले ढिलोचाँडो सबैको बचत रकम फिर्ता गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो। सहकारीले बितेको डेढ वर्षको अवधिमा संस्थाले तीन करोड ऋण लगानी मात्रै उठाउन सकेको छ।

# नेपालगञ्ज नाकाबाट ५९८ जनाको उद्धार

नमस्ते समचारदाता

नेपालगन्ज, पुष/१७



माइती नेपाल नेपालगञ्ज सन् २०२४ मा नेपालगञ्ज नाकाबाट जोखिमपूर्ण यात्रामा रहेका पाँच सय ९८ जनाको उद्धार गरिएको जनाएको छ। नेपाल पत्रकार महासङ्घ बाँके शाखाको आयोजनामा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सञ्चार कर्मीसँगको मङ्गलबार भएको अन्तरक्रियामा माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइरालाले सन् २०२४ मा भारतलगायत विभिन्न देशमा जोखिमपूर्ण यात्रामा निस्केका महिला तथा बालिकाको उद्धार गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार काम, विवाह, घुमघाम, किनमेललगायतको बहाना बनाएर नाका पार हुन थालेका शङ्कास्पद व्यक्तिलाई केरकार गर्दा जोखिमपूर्ण यात्रामा रहेको पाइएपछि उनीहरुलाई नेपाल फिर्ता गरिएको हो। संयोजक कोइरालाले एक वर्षमा सात सय ७७ जनाको खोजतलासको निवेदन परेको र चार सय सात जना फेला परेको बताउनुभयो। भारत तथा तेस्रो मुलुकमा पुगेकाहरु सम्पर्कमा नआएपछि आफन्तीले खोजतलासको निवेदन दिने गर्दछन्। संयोजक कोइरालाले सन् २०२४मा खोजतलासको निवेदन धेरै पर्नेमा बाँके जिल्ला अगाडि रहेको जानकारी दिनुभयो। जोखिमपूर्ण यात्रा गर्दै नाका पार हुनेहरुमा प्रायः जसो लुम्बिनी प्रदेश र कर्णाली प्रदेश गरी सुर्खेत, बर्दिया, दाङ, जाजरकोट, दैलेख जिल्ला रहेका छन्। सामाजिक सञ्जालको दुरुपयोग गरेर दलालहरु बेचविखनमा सक्रिय रहेको उल्लेख गर्दै संयोजक कोइरालाले तीनै तहका सरकारसँग समन्वय गरेर मानव बेचबिखन नियन्त्रणसम्बन्धी काम गरिरहेको बताउनुभयो। माइती नेपालले मानव बेचबिखन नियन्त्रणका लागि सीमा नाकामा चेकजाँच गर्नुका साथै भार तलगायतका मुलुकमा बेचिएका र बेचबिखनको जोखिममा परेका महिला तथा बालबालिकालाई उद्धारका निम्ति काम गर्दै आएको छ। नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरीले मानव बेचविखन सामाजिक कलङ्क र सङ्गठित अपराध भएको उल्लेख गर्दै त्यस्ता क्रियाकलापमा संलग्नलाई निरुत्साहित गर्न सञ्चारमाध्यमको अहम भूमिका हुने बताउनुभयो। अध्यक्ष गिरीले मानव बेचविखन विश्वव्यापी समस्या भएकाले यसको नियन्त्रण र रोकथामका लागि सुरक्षा कूटनीतिको माध्यमबाट अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

# स्थानीय तहद्वारा नियम मिचेर रकमान्तर

नमस्ते समचारदाता

दैलेख, पुष/१७



दुई वडामा कुरा नमिलेपछि कर्णाली प्रदेश सरकारले दिएको ६० लाख रुपियाँ फ्रिज भएको छ। जिल्लाको भगवतीमाई गाउँपालिका-५ को स्वास्थ्य चौकी निर्माण गर्न कर्णाली प्रदेश सरकारले विशेष अनुदानमार्फत आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा ६० लाख रुपियाँका दरले बजेट विनियोजन गर्‍यो। साबिकको एउटै गाउँ विकास समिति सङ्घीयतापछि दुई वटा वडामा विभाजन भयो। त्यसपछि स्वास्थ्य चौकी कहाँ निर्माण गर्ने भनी यी दुई वडाबिचमा सहमति बन्न सकेन। सहमति हुन नसकेपछि गाउँपालिकाले प्रदेश सरकारले विशेष अनुदानमार्फत पठाएको सो ६० लाख रुपियाँ बजेट कार्यपालिकाबाट संशोधन गरी प्रदेश सरकारलाई पठायो र प्रदेश सरकारले भगवतीमाई गाउँपालिका-१ मा रहेको पगनाथ स्वास्थ्य निर्माण गर्न सहमति दिइयो। आव २०८०/८१ मा समेत ६० लाख रुपियाँ प्रदेश सरकारले विशेष अनुदानमार्फत कट्टी स्वास्थ्य चौकी निर्माण गर्न बजेट गाउँपालिकामा पठायो। त्यसमा पुनः विवाद भएपछि गाउँपालिकाले प्रदेश सरकारलाई संशोधन गर्न पत्र पठाए पनि प्रदेश सरकारले नमानेपछि सो रकम त्यतिकै फ्रिज भयो। त्यस्तै जिल्लाको चामुण्डा बिन्द्रासैनी नगरपालिकाले समेत आफूखुसी बजेट राख्ने र खर्च नगरेको पाइएको छ। नगरपालिकामा ५० लाखको रकम नगरप्रमुखका लागि राखेको र त्यही अनुसार खर्च गर्ने गरेको भन्दै अघिल्लो आवमा विरोध भएको थियो। त्यहाँका चार राजनीतिक दलले नगरप्रमुखका विरुद्ध विरोध प्रदर्शन नै गरेका थिए। चार राजनीतिक दलले नगरप्रमुखका लागि एक करोड ५० लाखको डल्लो बजेट राख्ने र आफूखुसी रकम विनियोजन गरी खर्च गर्ने गरेको, अघिल्लो आवमा चामुण्डा बिन्द्रासैनी नगरपालिका-६ मा स्वास्थ्य चौकी हुँदै वडा कार्यालय पुग्ने सडकका लागि प्रदेश सरकारबाट ५० लाख र नगरपालिकाले ५० लाख विनियोजन गरेको रकम काम नगरी फ्रिज गराएको छ। चामुण्डा बिन्द्रासैनी नगरपालिका-५, ६, ७, ८ र ९ का लागि सङ्घीय सरकारबाट आएको लिफ्टिङ खानेपानी योजना ३४ करोड रकम योजनाको आवश्यकता नभएको भन्दै बजेट फिर्ता पठाएको थियो। सङ्घीय सरकारबाट डेरी उद्योग स्थापना गर्न आएको ३० लाख रकमको सम्झौता नगरेको, चामुण्डा बिन्द्रासैनी नगरपालिका-४, घम्पे लिफ्टिङ आयोजना निर्माणका लागि प्रदेश सरकारबाट आएको ४० लाख रकम फ्रिज गरिएको भन्दै विरोध प्रदर्शन गरेका थिए। माथिका केही उदाहरण मात्र हुन्। जिल्लाका स्थानीय तहले योजना निर्माणका लागि बजेट विनियोजन गर्ने र बजेट खर्च हुन नसक्ने भएपछि गाउँ सभा तथा नगर सभामार्फत बजेट संशोधन गर्दै खर्च गर्ने र आफू अनुकूल नभएपछि बजेट फिर्ता पठाउनेसम्मका काम गरेका छन्। महालेखाको प्रतिवेदन अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ का अनुसार बजेट रकमान्तर गर्दा के कारणले रकमान्तर गर्न लागेको हो, त्यसबाट नागरिकलाई लाभ हुन्छ वा हुँदैन भनेर हेक्का राखेर मात्र रकमान्तर गर्न पाउने व्यवस्था गरेको भए पनि स्थानीय तहले कुल बजेटको १० प्रतिशत बजेट रकमान्तर गरेको उल्लेख गरेको छ। जिल्लाको नारायण नगरपालिका आव २०७९/८० मा छ करोड ६७ लाख २८ हजार रुपियाँ बजेट रकमान्तर गरेको छ। महालेखाको प्रतिवेदनमा भनिएको छ, "वर्षको अन्त्यतिर बजेट रकमान्तर गर्ने परिपाटीले नगरपालिकाको वित्तीय व्यवस्थापन राम्रो देखिँदैन तसर्थ बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउनु पर्दछ। दुल्लु नगरपालिकाले सात करोड ७१ लाख चार हजार, आठबिस नगरपालिकाले १३ करोड १९ लाख पाँच हजार, चामुण्डा बिन्द्रासैनी नगरपालिकाले छ करोड ४० लाख ३१ हजार रुपियाँ रकमान्तर गरेको उल्लेख गरिएको छ। जिल्लाको ठाटीकाँध गाउँपालिकाले चार करोड ८० लाख ३० हजार, भैरवी गाउँपालिकाले तीन करोड ८२ लाख ३८ हजार, महाबु गाउँपालिकाले १० लाख ९४ हजार, नौमुले गाउँपालिकाले तीन करोड ७३ लाख ९० हजार, डुङ्गेश्वर गाउँपालिकाले ३८ लाख ८३ हजार, भगवतीमाई गाउँपालिकाले दुई करोड ६८ लाख ८६ हजार र गुराँस गाउँपालिकाले छ करोड दुई लाख २५ हजार रुपियाँ रकमान्तर गरेको छ। स्थानीय शासन तथा सुशासनविज्ञ दुर्लभ बोगटीले स्थानीय तहले योजना छनोटका मापदण्ड पूरा नगरेका कारण बजेट वर्षको अन्त्यतिर रकमान्तर गर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "स्थानीय वडाले बजेट माग गरेर पठाएका हुन्छन्, त्यहाँ आफ्नो पार्टीका मान्छे छन् वा छैनन्, त्यहाँ बजेट हाल्दा भोलि भोट कति आउने हो भन्ने गरेका कारण बजेट रकमान्तर गर्ने गर्छन्।"

# चिनियाँ नागरिकद्वारा दलित घरधुरीलाई खाद्यान्न सहयोग



नमस्ते समचारदाता

हुम्ला, पुष/१७

चिनियाँ नागरिकद्वारा हुम्ला जिल्लाको सिमकोट गाउँपालिका - ३ का दलित घरधुरीलाई खाद्यान्न सहयोग गरिएको छ। चिनियाँ नागरिकले सामाजिक सेवाभावले दलित घरधुरीलाई खाद्यान्न सहयोग गरेका हुन्। सो वडाका अध्यक्ष पामा लामाले चीनको ताक्लाकोटमा रहँदै आएका चिनियाँ नागरिकले आफ्ना वडाका ४१ घरधुरीका दलितलाई खाद्यान्न सहयोग गरेको बताए। चिनियाँ नागरिकले नितान्त मानवीय सेवाका हिसाबले खाद्यान्न सहयोग गरेको र त्यसका लागि वडाध्यक्ष लामाले सहजीकरण गरेका हुन्। उनले चिनियाँ नागरिकले नगद पठाएको र सल्लाहअनुसार जिल्लामा खाद्यान्न खरिद गरी प्रत्येक घरधुरीलाई २५ केजीको एक बोरा चामल र एक लिटर तेल सहयोग गरिएको जानकारी दिए। वडाध्यक्ष लामाले खाद्यान्न वडामै लिएर वितरण गरेका थिए। न्यून आयश्रोत भएका दलित घरधुरीका सदस्य खाद्यान्न सहयोग पाएपछि खुसी भएका छन्। ती चिनियाँ नागरिकले यसअघि पनि खाद्यान्न सहयोग गर्दै आएका थिए।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके